# बुङ्गल नगरपालिकाको आर्थिक ऐन, २०७५

**नगर सभाबाट पारित मिति : २०७५।०३।३०**

**प्रस्तावना**

बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बुङ्गल नगर सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"बुङ्गल नगरपालिकाको आर्थिक ऐन, २०७५"** रहेकोछ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि बुङ्गल नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर :** नगरपालिका क्षेत्र भित्र **अनुसूचि-१** बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका भित्र **अनुसूचि-२** बमाजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर :** नगरपालिका भित्र कुनैपनि व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि-३** बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूचि-४** बमोजिम कर लगाईने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनैपनि व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरे वापत **अनुसूचि-५** बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूचि-६** बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि-७** बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूचि-८** बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र हुने आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूचि-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत **अनुसूचि-१०** बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्क :** नगरपालिका क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ सेवा वा व्यवसाय सँचालन गरे वापत **अनुसूचि-११** बमोजिम शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूचि-१२** मा उल्लिखित स्थानिय पुर्वाधार र उपलब्ध गराईएका सेवामा सेवाग्राही बाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूचि-१३** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिईनेछैन ।

१६. **कर तथा संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचि १**
**(दफा २ संग सम्बन्धित)**
**नगरपालिकाले लगाउने सम्पत्ति कर**

| क्र.सं. | सम्पत्तिको प्रकार (घरको प्रकार) | करको दर (रुपैयाँ) | | कैफियत |
|---|---|---|---|---|
| | | आवासिय प्रयोजन | व्यवसायिक प्रयोजन | |
| १ | ढुंगा माटोको जोडाई खरको २ तले छाप्रो (छानो) | २० | ४० | |
| २ | ढुंगा माटोको जोडाई ३ तले खरको छानो भएको घर | ३० | ६० | |
| ३ | ढुंगा माटोको जोडाई ढुंगा वा टिनको छाना भएको ३ तले घर | ४० | ८० | |
| ४ | ढुंगा माटोको जोडाई ३ तले ढुंगा वा टिनको छानो भएको वारतली सहितको घर | ६० | १५० | |

| क.सं. | सम्पत्तिको प्रकार (घरको प्रकार) | करको दर (रुपैयाँ) | | कैफियत |
|---|---|---|---|---|
| | | आवासिय प्रयोजन | व्यवसायिक प्रयोजन | |
| ५ | ढुंगा माटो सहित सिमेन्टले प्लाष्टर गरेको घर | ८० | १६० | |
| ६ | व्यापार, व्यवसाय प्रयोजनका लागि बनाएको १ वा २ तले काठ वा टिनको प्रयोग गरि बनाएको घर | १५० | १८० | |
| ७ | पिलर विम वाहेकको ढलान गरेको २/३ तले घर | १०० | २०० | |
| ८ | पिलर विम सहितको टिन्न वा ढुंगाले छाएको विना ढलानको घर | १२० | २४० | |
| ९ | पिलर र विम सहित ढलान गरिएको घर | २०० | ४०० | |
| १० | नक्सापास निवेदन दस्तुर | २०० | २०० | |

## अनुसूचि-२
### (दफा ३ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने भूमि कर (मालपोत)

| क.सं. | जग्गाको प्रकार | करको दर (रुपैयाँ) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्युनतम ५ रोपनी सम्मको | | थप प्रति रोपनी | | |
| | | खेत | पाखो | खेत | पाखो | |
| १ | अव्वल | २५ | १५ | ५ | ४ | |
| २ | दोयम | २० | १० | ४ | ३ | |
| ३ | सिम | १५ | ५ | ३ | २ | |
| ४ | चाहार | १० | ३ | २ | १ | |

## अनुसूचि-३
### (दफा ४ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने घर वहाल कर

| क.सं. | घरको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | जुनसुकै घरको पनि बहाल कर | बहालको १० प्रतिशत | |

## अनुसूचि-४
### (दफा ५ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने व्यवसाय कर

| क.सं. | व्यवसायको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | ५०० | |
| २ | सुन चाँदी जलप लगाएका गरगहना बेचविखन | ५०० | |
| ३ | मदिरा व्यवसाय सिफारिस (थोक)<br>मदिरा व्यवसाय नविकरण शुल्क (थोक) | ५०००<br>१००० | |
| ४ | मदिरा व्यवसाय सिफारिस (खुद्रा)<br>मदिरा व्यवसाय नविकरण (खुद्रा) | ३०००<br>१००० | |
| ५ | भिडियो क्यामेरा | २०० | |

| क्र.सं. | व्यवसायको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| ६ | ईलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी., मोवाईल मर्मत) | ५०० | |
| ७ | भाँडा पसल | ३०० | |
| ८ | हार्ड वेयर | १००० | |
| ९ | इन्धन विक्रि पसल (डरममा राखेर) एल.पि ग्याँस | ३०० | |
| १० | फर्निचर पसल | ५०० | |
| ११ | खाद्यान्न किराना पसल थोक विक्रेता | १००० | |
| १२ | खाद्यान्न किराना पसल खुद्रा विक्रेता | ५०० | |
| १३ | फलफूल तरकारी पसल | १५० | |
| १४ | गेष्ट हाउस | ५०० | |
| १५ | होम स्टे | ३०० | |
| १६ | स्टेशनरी | २५० | |
| १७ | वित्तिय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | १००० | |
| १८ | फाइनान्स तथा लघु वित्त | १००० | |
| १९ | बहुउद्धेशीय सहकारी (ऋण, बचत) प्रति लाख | ५०० | |
| २० | कृषि सहकारी प्रति लाख | ५० | |
| २१ | औषधी पसल | १००० | |
| २२ | दाँत बनाउने/आँखा सम्बन्धी पसल | १००० | |
| २३ | निजी क्षेत्रका विद्यालय<br>क) माध्यमिक तह<br>ख) आधारभूत तह | <br>१०००<br>७०० | |
| २४ | कम्प्युटर प्रशिक्षण | ५०० | |
| २५ | व्युटी पार्लर | ५०० | |
| २६ | सवारी साधन मर्मत | ५०० | |
| २७ | फोटो स्टुडियो | २५० | |
| २८ | गैर सरकारी संस्था दर्ता सिफारिस<br>गर सरकारी संस्था नविकरण शुल्क | १०००<br>५०० | |
| २९ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (कार्यक्रम अनुमति सिफारिस) | ५०० | |
| ३० | ठेक्का पट्टा (व्यक्तिगत)<br>रु. १० लाख भन्दा तल<br>रु. १० लाखभन्दा माथि<br>ठेक्का पट्टा (व्यक्तिगत) नविकरण दस्तुर<br>रु. १० लाख भन्दा तल<br>रु. १० लाखभन्दा माथि | <br>५००<br>१०००<br><br>१०००<br>१५०० | |
| ३१ | मासु पसल | ५०० | |
| ३२ | पिकनिक पार्क स्पोट | १०० | |
| ३३ | घुम्ती पसल | १०० | |

| क्र.सं. | व्यवसायको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| | स्थानीय<br>बाह्य | १००<br>२०० | |
| ३४ | कपडा पसल | ५०० | |
| ३५ | सुचिकार टेलर | १०० | |
| ३६ | जुत्ता सिलाउने पसल | १०० | |
| ३७ | राईस मिल कुटानी पिसानी | २०० | |
| ३८ | ज्योतिष पसल | १०० | |
| ३९ | सवारी साधन दर्ता (स्कुटर, मोटरसाइकल अन्य चार पाङ्ग्रे) | ५०० | |
| ४० | निजी कार जीप | १००० | |
| ४१ | ट्र्याक्टर | १००० | |
| ४२ | निजी मिनी वस, ट्राभल बस, ट्रक | १५०० | |
| ४३ | कस्मेटिक पसल | २०० | |
| ४४ | हजाम पसल | १०० | |
| ४५ | सुर्तिजन्य पसल दर्ता<br>सुर्तिजन्य पसल नविकरण शुल्क | ५००<br>३०० | |
| ४६ | एग्रोभेट पसल | १००० | |
| ४७ | सामान्य चिया पसल मात्र | १०० | |
| ४८ | होटेल एण्ड लज | ५०० | |
| ४९ | आरन/काठका ठेकी तथा अन्य सामान पसल | १०० | |
| ५० | ठोका डालो लगायत अन्य निगालो र बाँस जन्य सामानको पसल | १०० | |
| ५१ | हाते कागज, अल्लो प्रशोधन, होजियारी | २५० | |
| ५२ | कभर्ड हल व्यायम शाला | २०० | |
| ५३ | नयाँ व्यवसाय दर्ता शुल्क रु. १ लाख सम्म | २०० | |
| ५४ | नयाँ व्यवसाय दर्ता शुल्क रु. १ लाख देखि ५ लाख सम्म | ३०० | |
| ५५ | नयाँ व्यवसाय दर्ता शुल्क रु. ५ लाख देखि १० सम्म | ५०० | |
| ५६ | नयाँ व्यवसाय दर्ता शुल्क रु. १० लाख भन्दा माथि | १००० | |
| ५७ | उद्योग दर्ता (साना तथा लघु उद्योग) रु.१ लाख सम्म | २०० | |
| ५८ | उद्योग दर्ता रु. १ लाख देखि ५ लाख सम्म | ३०० | |
| ५९ | उद्योग दर्ता रु. ५ लाख देखि माथि | १००० | |
| ६० | स मिल काठ चिरानी दर्ता | ३०० | |
| ६१ | फर्निचर उद्योग | ३०० | |
| ६२ | फर्निचर पसल दर्ता | ३०० | |
| ६३ | डेरी उद्योग दर्ता | २०० | |
| ६४ | निर्माण व्यवसाय दर्ता | १००० | |
| ६५ | उल्लेखित बाहेक अन्य<br>व्यवसाय दर्ता | २०० | |

| क्र.सं. | व्यवसायको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| | सिफारिस<br>प्रमाणित<br>संसोधित | १००<br>२००<br>२०० | |
| ६६ | उल्लेखित बाहेक अन्य नविकरण शुल्क | २०० | |
| ६७ | नयाँ पानी घट्ट दर्ता शुल्क | ५० | |
| ६८ | विद्युतबाट चल्ने घट्ट दर्ता शुल्क | १०० | |
| ६९ | ३ महिना सम्म सञ्चालन हुने | ५० | |
| ७० | ६ महिना सम्म सञ्चालन हुने | ७५ | |
| ७१ | १२ महिना सञ्चालन हुने | १०० | |

## अनुसूचि-५

(दफा ६ संग सम्बन्धित)

### नगरपालिकाले लगाउने जडीबुटी, फलफूल, कवाडी र जीवजन्तु कर

| क्र.सं. | करको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय यार्सागुम्बा | ५०० | |
| २ | यार्सागुम्बा प्रति के.जी. | १५०० | |
| ३ | पाषणबेद प्रति क्विन्टल | १०० | |
| ४ | समय प्रति क्विन्टल | १०० | |
| ५ | चिराईतो प्रति क्विन्टल | ५० | |
| ६ | बोजो प्रति क्विन्टल | १०० | |
| ७ | कटुकी प्रति क्विन्टल | २०० | |
| ८ | सतुवा प्रति क्विन्टल | ५०० | |
| ९ | घुचि च्याउ, पन्ने च्याउ, अन्य च्याउ जाती प्रति के.जी. | १० | |
| १० | गदाल्नो प्रति के.जी. | १० | |
| ११ | लोक्ता, अल्लो प्रति क्विन्टल | १५० | |
| १२ | रिठा प्रति क्विन्टल | १५० | |
| १३ | सुनाखरी प्रति के.जी. | १० | |
| १४ | स्याउ, सुन्तला, ओखर, आरु, केरा आदि प्रति क्विन्टल | १०० | |
| १५ | कोदो, फापर, मकै, जौ, लोकल चामल प्रति क्विन्टल | १०० | |
| १६ | दालजन्य गेडागुडी प्रति क्विन्टल | १०० | |
| १७ | कवाडी जन्य सामान प्रति टेक्टर | ५० | |
| १८ | भेडा बाखा खसी बोका (प्रति गोटा स्थानीय)<br>भेडा बाखा खसी बोका (प्रति गोटा बाह्य विक्रि गर्न)<br>भेडा बाखा खसी बोका (प्रति गोटा वार्षिक ढुवानी गर्न) | १०<br>२<br>५ | |
| १९ | भैंसी, राँगा प्रति गोटा<br>गाई, गोरु प्रति गोटा | २००<br>५० | |
| २० | खच्चर (प्रति गोटा सामान ढुवानी वार्षिक) | १०० | |
| २१ | जनावरको हाडखोर, प्वाँख, छाला, नङ्ग्रा, सिङ, रौं आदि प्रति गोटा | ५०० | |

| क्र.सं. | करको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| रुख कटान कर | | | |
| २२ | १ देखि १० रुख सम्म (प्रति रुख) | ५० | |
| २३ | ११ देखि ३० रुख सम्म (प्रति रुख) | ७५ | |
| २४ | ३१ देखि ५० रुख सम्म (प्रति रुख) | १०० | |
| २५ | ५१ देखि १०० रुख सम्म (प्रति रुख) | १५० | |
| २६ | १०१ देखि ५०० रुख सम्म (प्रति रुख) | २०० | |
| २७ | ५०१ देखि १००० रुख सम्म (प्रति रुख | २५० | |
| २८ | १००० रुख भन्दा माथि (प्रति रुख) | ३०० | |
| २९ | सल्लाको रुख बाट खोटो संकलन कार्य (प्रति रुख) | २ | |

## अनुसूचि-६
(दफा ७ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने सवारी साधन कर

| क्र.सं. | सवारी साधनको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल, स्कुटर | ५०० | |
| २ | जीप, भ्यान, ट्याक्टर | १००० | |
| ३ | बस, ट्रक | १५०० | |

## अनुसूचि-७
(दफा ८ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने विज्ञापन कर

| क्र.सं. | विज्ञापनको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रति पटक) | १०० | |
| २ | स्टल राखी विज्ञापन गर्ने(प्रति दिन) | १०० | |
| ३ | कन्सर्ट (प्रति पटक) | १०० | |
| ४ | तुल व्यानर राखि विज्ञापन (प्रति पटक) | ५० | |
| ५ | होर्डिङ बोर्ड राखि विज्ञापन गर्ने | ५०० | |
| ६ | सञ्चार सम्बन्धी टावर | ६००० | |

## अनुसूचि-८
(दफा ९ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने मनोरञ्जन कर

| क्र.सं. | मनोरञ्जनको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा घर | ५०० | |
| २ | भिडियो देखाउने | २०० | |
| ३ | गीत संगीत पाठशाला | २०० | |
| ४ | जादुगर, सर्कस | २०० | |

## अनुसूचि-९
### (दफा १० संग सम्बन्धित)
### नगरपालिकाले लगाउने बहाल विटौरी शुल्क

| क.सं. | बहाल विटौरीको प्रकार | शुल्कको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | पक्की घर बाटोले छोएको (प्रति कोठा मासिक) | १००० | |
| २ | पक्की घर बाटोले नछोएको (प्रति कोठा मासिक) | ८०० | |
| ३ | कच्ची घर बाटोले छोएको (प्रति कोठा मासिक) | ८०० | |
| ४ | कच्ची घर बाटोले नछोएको (प्रति कोठा मासिक) | ६०० | |
| ५ | टिनको छाप्रो मासिक | ५०० | |
| ६ | बाटोको छेउमा प्रति रोपनी (मासिक) | १५०० | |
| ७ | बाटोको क्षेत्र बाहेक प्रति रोपनी (मासिक) | १००० | |

## अनुसूचि-१०
### (दफा ११ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने पार्किङ शुल्क

| क.सं. | सवारी साधनको प्रकार | करको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मोटर साईकल | १० | |
| २ | कार, जीप | २० | |
| ३ | टेक्टर | ३० | |
| ४ | बस, ट्रक | ४० | |

## अनुसूचि-११
### (दफा १२ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ, न्याप्टिङ शुल्क

| क.सं. | ट्रेकिङ, बन्जी जम्पिङ, न्याप्टिङ शुल्कको प्रकार | शुल्कको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ (आन्तरिक पर्यटक)<br>ट्रेकिङ (बाह्य पर्यटक) | १००<br>१००० | |
| २ | बन्जी जम्पिङ (आन्तरिक पर्यटक)<br>बन्जी जम्पिङ (बाह्य पर्यटक) | ५००<br>१५०० | |
| ३ | न्याप्टिङ (आन्तरिक पर्यटक) | २५० | |
| ४ | न्याप्टिङ (बाह्य पर्यटक) | १००० | |

## अनुसूचि-१२
### (दफा १३ संग सम्बन्धित)
### नगरपालिकाले लगाउने सेवा शुल्क सिफारिस दस्तुर

| क.सं. | विवरण | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०० | |
| २ | मोही लगत कट्टा सिफारिस | १०० | |

| क्र.सं. | विवरण | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| ३ | घर कायम सिफारिस | १०० | |
| ४ | छात्रबृत्ति सिफारिस | ५० | |
| ५ | विपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | ५० | |
| ६ | अपाङ्ग सिफारिस | नि:शुल्क | |
| ७ | अस्थायी बसोबास सिफारिस | १०० | |
| ८ | स्थायी बसोबास सिफारिस | १०० | |
| ९ | नागरिकता सिफारिस<br>नागरिकता प्रतिलिपि सिफारिस | १००<br>१०० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० | |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| १३ | विद्युत जडान सिफारिस | १०० | |
| १४ | धारा जडान सिफारिस | १०० | |
| १५ | जीवित रहेको सिफारिस | १०० | |
| १६ | दुबै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/फरक जन्म मिति संशोधन सिफारिस | १०० | |
| १७ | जग्गा मुल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| १८ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० | |
| १९ | व्यवसाय वन्द सिफारिस | १०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २१ | कोट फी मिनाहा सिफारिस | १०० | |
| २२ | नावालक परिचय पत्र सिफारिस | १०० | |
| २३ | चौपाया सम्बन्धी सिफारिस | १०० | |
| २४ | व्यवसाय दर्ता सिफारिस | १०० | |
| २५ | उद्योग ठाउँसरी सिफारिस | ५०० | |
| २६ | विद्यालय ठाउँसरी सिफारिस | ५०० | |
| २७ | आन्तरिक बसाईंसराईं सिफारिस | १०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| २९ | जग्गा दर्ता सिफारिस | १०० | |
| ३० | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ३१ | संरक्षक सिफारिस (संस्थागत) | २०० | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | |
| ३३ | जिवित संगको नाता प्रमाणित | १०० | |
| ३४ | मृतक संगको नाता प्रमाणित | १०० | |
| ३५ | कोठा खोल्ने कार्य/रोहवर वस्ने कार्य | १०० | |
| ३६ | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क | |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | नि:शुल्क | |

| क्र.सं. | विवरण | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| ३८ | संस्था दर्ता सिफारिस<br>समुह दर्ता सिफारिस | २००<br>१०० | |
| ३९ | घरबाटो सिफारिस | १५० | |
| ४० | चार किल्ला प्रमाणित | १५० | |
| ४१ | जन्ममिति प्रमाणित | १०० | |
| ४२ | विवाह प्रमाणित | १०० | |
| ४३ | काज मन्जुरीनामा प्रमाणित | १०० | |
| ४४ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ४५ | अविवाहित प्रमाणित | १०० | |
| ४६ | जग्गा रेखाङ्कन कार्य वा सो कार्यमा रोहवर | १५० | |
| ४७ | जग्गा धनीपुर्जा हराएको सिफारिस | १०० | |
| ४८ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | |
| ४९ | अंग्रेजी सिफारिस तथा प्रमाणित प्रति पेज | १०० | |
| ५० | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ५१ | जन्म दर्ता | ५० | |
| ५२ | मृत्यु दर्ता | ५० | |
| ५३ | विवाह दर्ता | ५० | |
| ५४ | बसाई सराई आउने/जाने दर्ता | १०० | |
| ५५ | सम्बन्ध विच्छेद दर्ता | १०० | |
| ५६ | पक्का घरको सर्जमिन वापत | २०० | |
| ५७ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | २०० | |
| ५८ | अचल सम्पत्ति मूल्यांकन (प्रतिशत) | ०.०५ | |
| ५९ | रकम कलम बढाई दिए वापत बढाई दिएकोमा (प्रतिशत) | २ | |
| ६० | नाता प्रमाणित | १०० | |
| ६१ | बहाल करको लेखाजोखा सिफारिस | १०० | |
| ६२ | घर पाताल प्रमाणित | नि:शुल्क | |
| ६३ | कित्ताकाट सिफारिस | १०० | |
| ६४ | नामसारी सिफारिस | १०० | |
| ६५ | जग्गाको हक सम्बन्धमा सिफारिस | १०० | |
| ६६ | पालन पोषणको लागि सिफारिस | १०० | |
| | **संस्थागत विद्यालय सिफारिस** | | |
| ६७ | शिशु कक्षा सञ्चालन दर्ता | १००० | |
| ६८ | आधारभूत स्तर | १५०० | |
| ६९ | माध्यमिक स्तर | २००० | |
| | **सामुदायिक विद्यालय सिफारिस** | | |
| ७० | शिशु कक्षा सञ्चालन दर्ता | १०० | |
| ७१ | आधारभूत स्तर | ३०० | |

| क.सं. | विवरण | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| ७२ | माध्यमिक स्तर | ५०० | |
| | **विद्यालयको ठाउँसारी गर्ने सिफारिस** | | |
| ७३ | संस्थागत | १००० | |
| ७४ | सामुदायिक | ५०० | |
| | **संस्थागत विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | |
| ७५ | आधारभूत स्तर | १५०० | |
| ७६ | माध्यमिक स्तर | २००० | |
| ७७ | क्याम्पस/कलेज स्तर | २५०० | |
| | **सामुदायिक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | |
| ७८ | आधारभूत स्तर | ५०० | |
| ७९ | माध्यमिक स्तर | १००० | |
| ८० | क्याम्पस/कलेज स्तर | १५०० | |
| | **घर जग्गा मूल्याङ्कन** | | |
| ८१ | १ लाख देखि २० लाख सम्म | २००० | |
| ८२ | थप प्रति लाख | १०० | |
| | **भुकम्प प्रतिरोध घर नक्सा पास दस्तुर** | | |
| ८३ | कच्ची घरको RCC बाहेक एक मुष्ट १ तले | ५०० | |
| ८४ | कच्ची घरको RCC बाहेक एक मुष्ट २ तले | १००० | |
| ८५ | कच्ची घरको RCC बाहेक एक मुष्ट ३ तले | १५०० | |
| ८६ | RCC को लागि प्रति तला | १००० | |
| ८७ | RCC को लागि प्रति ३ तला भन्दा माथि | ५००० | |
| | **योजना तथा कार्यक्रम सिफारिस शुल्क** | | |
| | | सिफारिस शुल्क | दर्ता शुल्क |
| ८८ | ५० हजार सम्म | २५० | १०० |
| ८९ | ५१ हजार देखि ३ लाख सम्म | १००० | १०० |
| ९० | ३ लाख देखि ५ लाख सम्म | १५०० | १०० |
| ९१ | ५ लाख देखि १० लाख सम्म | २००० | १०० |
| ९२ | ११ लाख देखि २० लाख सम्म | २५०० | १०० |
| ९३ | २१ लाख देखि ४० लाख सम्म | ३००० | १०० |
| ९४ | ४१ लाख देखि ५० लाख सम्म | ३५०० | १०० |
| ९५ | ५१ लाख देखि ६० लाख सम्म | ४००० | १०० |

**अनुसूचि-१३**

**(दफा १४ संग सम्बन्धित)**

**नगरपालिकाले लगाउने पर्यटन शुल्क**

| क.सं. | पर्यटकको प्रकार | शुल्कको दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक वयस्क | १०० | |
| २ | आन्तरिक पर्यटक विद्यार्थी/बालबालिका/जेष्ठ | ५० | |

| क्र.सं. | पर्यटकको प्रकार | शुल्कको दर (रु.) | कैफियत |
|---|---|---|---|
| | नागरिक/अपाङ्ग | | |
| ३ | बाह्य पर्यटक | ५०० | |

बुङ्गल नगरपालिकाको सभाको मिति २०७५ असार ३० गतेको निर्णय नम्बर २ बाट पारित भएको **"बुङ्गल नगरपालिकाको आर्थिक ऐन, २०७५"** लाई बुङ्गल नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २५ को उपनियम (३) बमोजिम प्रमाणिकरण गर्दछु ।

धन बहादुर विष्ट
नगरप्रमुख

मिति : २०७५।०४।०१ गते मंगलबार